आज मिति २०७९ पौष २६ गते मंगलरका दिन यस टोखा नगरपालिकाका प्रमुख श्री प्रकाश अधिकारीज्यूको अध्यक्षतामा तपशिलको उपस्थितिमा नगरकार्यपालिकाको आ.व. २०७९/८० को सातौं बैठक बसी देहाय बमोजिमको निर्णयहरु पारित गरियो ।

| क्र.स | पद | नाम थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री प्रकाश अधिकारी | | |
| २ | उपप्रमुख | श्री मुरारी तामाङ | | |
| ३ | सचिव / प्रमुख प्रशासकीय अधिकृत | श्री शंकरराज पाठक | | |
| ४ | वडा अध्यक्ष | श्री रमेश कुमार लामिछाने | | |
| ५ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (२) | | |
| ६ | वडा अध्यक्ष | श्री रमेश डंगोल | | |
| ७ | वडा अध्यक्ष | श्री धर्मेन्द्र श्रेष्ठ (४) | | |
| ८ | वडा अध्यक्ष | श्री मदन गुरुङ | | |
| ९ | वडा अध्यक्ष | श्री शान्ता खनाल पौडेल | | |
| १० | वडा अध्यक्ष | श्री नरोत्तम राना | | |
| ११ | वडा अध्यक्ष | श्री रमेश खत्री | | |
| १२ | वडा अध्यक्ष | श्री रामभक्त घिमिरे | | |
| १३ | वडा अध्यक्ष | श्री मचाकाजी महर्जन | | |
| १४ | वडा अध्यक्ष | श्री घनश्याम खड्का | | |
| १५ | न.का.स | श्री सुनिता श्रेष्ठ परियार नेपाली | | |
| १६ | न.का.स | श्री सायरा परियार | | |
| १७ | न.का.स | श्री जगतमाया प्रजापती महर्जन | | |
| १८ | न.का.स | श्री लिलादेवी अधिकारी | | |
| १९ | न.का.स | श्री शान्ता राई | | |
| २० | न.का.स | श्री प्रेम कुमार सुनुवार | | |
| २१ | न.का.स | श्री सरिता घले | | |
| २२ | न.का.स | श्री वच्चुराज वस्याल | | |

**निर्णयहरु-**

१. आ.व.२०७९/८० को नगर कार्यपालिकाको छैटौं बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा छलफल तथा समिक्षा गरियो ।

२. नगरसभाको एघारौं अधिवेशनवाट स्वीकृत भएका यसै साथ संलग्न बजेट, योजना तथा कार्यक्रमहरु संशोधनको लागि नगरसभाको बाह्रौं अधिवेशनमा पेश गर्ने ।

३. लक्षित वर्गको सीप, क्षमता, दक्षता तथा चेतना अभिवृद्धिको लागि विभिन्न शिर्षकमा विनियोजित रकमवाट खर्च हुने गरी तपशिल वमोजिमका कार्यक्रमहरु संचालन गर्ने ।

<u>सीप मूलक कार्यक्रम अन्तर्गत</u>

क. ढाका बुनाई/ढाकाको जुत्ता चप्पल / सल आदि वनाउने

ख. पम्बर

ग. वर्क सप ( गाडी मोटरसाईकल मर्मत)

घ. ईलेक्ट्रिकल

ङ. डल्ले सावुन वनाउने

च. माक्स तथा सेनेटरी प्याड निमार्ण

छ. कम्प्युटर, मोवाईल, टिभी आदि मर्मत

ज. मन्टेश्वरी

झ. वेल्डिङ्ग

ञ. कुक

ट. फेसन डिजाईनिङ्ग

ठ. फेब्रिक झोला

<u>जनचेतना मूलक कार्यक्रम अन्तर्गत</u>

क. विद्यालयमा प्रजन्न स्वास्थ्य र यौन दुव्यवहार

ख. लागू औषध विरुद्धको जनचेतना / सचेतना

ग. सरसफाई / वातावरण सम्वन्धी सचेतना

घ. उद्घघोषण कला/ नेतृत्व विकास / कानुनी सचेतना

ङ. मनोपरामर्श / योग,ध्यान,प्राणायम आदि

च. स्वास्थ्य सचेतना

४. नगरपालिकाको राजस्व परामर्श समिति र स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिबाट तयार भएको आगामी आ.ब.२०८०/८१ को आय व्ययको प्रक्षेपण स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ को दफा ४.७ वमोजिम संघीय अर्थमन्त्रालय एवं राष्ट्रिय योजना आयोग तथा प्रदेश अर्थमन्त्रालयमा पठाउने ।

५. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ ( संशोधन सहित) अनुसार आ.ब.२०७८/७९ को अन्त्य सम्मका तथ्याङ्कको आधारमा विषय क्षेत्रगत रुपमा संस्थागत क्षमता स्वमूल्याङ्कन गरी lisa.gov.np प्रणालीमा प्रमाणिकरणका आधारहरु प्रविष्ट गर्दा सो प्रणालीबाट प्राप्त नतिजा ७१.५ प्रतिशत माथि छलफल गरी सो प्राप्ताङ्कलाई अनुमोदन गर्ने ।

६. नगरपालिका भित्र रहेका तपशिल वमोजिमका सार्वजनिक जग्गाहरुमा सम्वन्धित वडा कार्यालयहरुको सिफारिसका आधारमा विभिन्न संरचना (सामुदायीक भवन/ पाटी/ मठमन्दिर आदि) निर्माण प्रकृया अगाडि वढाउने ।

| सि.नं. | निर्माण हुने संरचनाको नाम | वडा नं. | वडाको सिफारिसको मिति र च.नं. | सार्वजनिक जग्गाको साविक गा.वि.स/ वडा/ कि.नं |
|---|---|---|---|---|
| १ | धनेश्वर मन्दिर परिसर सामुदायीक भवन निर्माण | ३ | २०७९-८-१५, २६५१ | गोगंवुँ/२/ सिट नं. १०२०९०५-२१ कि.नं. २७३ को सार्वजनिक जग्गा |
| २ | विडारीगाउँ ढाँडखोला क्रियापुत्री ट्रस निर्माण | १ | २०७९-८-२०, १०४२ | झोरमहाँकाल/ ५ क/ सिट नं. कि.नं. ९४ को व्यक्तिगत जग्गा |
| ३ | कृष्ण मन्दिर निर्माण | २ | २०७९-९-२२, १२३३ | चण्डेश्वरी/ २ ख/ कि.नं. १७४ को सार्वजनिक जग्गा |
| ४ | ओमशान्ति मार्ग सार्वजनिक जग्गामा प्रतिक्षालय र मन्दिर निर्माण | ३ | २०७९-९-११, ३१८२ | सरस्वती/ २ / १०२०९०६-१२ कि.नं. २२१ को सार्वजनिक जग्गा |
| ५ | जेष्ठ नागरिक भवन वाँकी निर्माण कार्य ( वौडुगाउँ जोगिको कुटी) | १ | २०७९-८-१९,१०१७ | झोरमहाँकाल /८ ज / कि.नं. २९ क्षेत्रफल ३ आना सार्वजनिक जग्गा |
| ६ | कोलापाखा खेलकूद मैदान वाल निर्माण | १ | २०७९-१०-१६,११७५ | झोरमहाँकाल/ १/ कि.नं. १४५ को सार्वजनिक जग्गा |

७. महालेखा परीक्षकको कार्यालयवाट लेखा परीक्षण भई अन्तिम तथा प्रारम्भिक प्रतिवेदनमा समावेश भएका आ.ब. २०७७/७८ र आ.ब २०७८/७९ को विभिन्न दफाहरुमध्ये निम्न लिखित वेरुजुहरु उपर लेखा समितिको मिति २०७९/९/२५ को बैठकको निर्णय र नगरकार्यपालिका बैठकको मिति २०७९/९/२६ को निर्णयबाट फर्छयौटको लागि प्रस्ताव भइ आएकोले उक्त वेरुजुहरु फर्छयौट गरी लगत कट्टाको लागि महालेखा परीक्षकको कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

| आ.ब. | वेरुजुको दफा नं. | रकम |
|---|---|---|
| २०७७/७८ | ४.२ | ३५००००० |
| | १४.१ | १५२८१२५ |

| | | |
|---|---|---|
| | १४.३ | ७५५०००० |
| | १९ | ८०९१८८ |
| | २२ | ६३३०२२८ |
| | ३६.१ | १४६४००० |
| | जम्मा | **२११८१५४१** |
| २०७८/७९ को प्रारम्भिक प्रतिवेदन | १३ | ४५०००० |
| | ३० | ८१५९४८६ |
| | ३७ | ५०००००० |
| | जम्मा | **१३६०९४८६** |
| कूल जम्मा | | ३४७९१०२७ |

८. तारादेवी स्मृति फाउण्डेशनलाई संझनामा तारादेवी कार्यक्रमको लागि रु ७५ हजार संस्कृति संरक्षण कोषवाट उपलव्ध गराउने ।

९. नेपाल फिल्म सोसाईटी 5th Global Nepali Film Award USA 2022 कार्यक्रमका लागि रु ५० हजार संस्कृति संरक्षण कोषवाट उपलब्ध गराउने ।

१०. विश्वशान्तिको लागि Wheelchair मा रहेका विश्व Wheelchair यात्री सन्देश रम्तेललाई खेलकुद शिर्षकवाट रु ३० हजार उपलब्ध गराउने ।

११.जैसीदेवल युथ क्लवले मिति २०७९/१०/१२ देखि १४ सम्म आयोजना गर्ने  वागमती प्रदेश स्तरीय  तेश्रो जुनियर आमन्त्रण  मेयरकप तेक्वान्दो प्रतियोगितामा सहभागिताको लागि आवश्यक तयारी गर्न तुख्य तेक्वान्दो डोजाङ टोखालाई रु ३ लाख खेलकूद कोषवाट उपलब्ध गराउने ।

१२. यस टोखा नगरपालिकाको भूमिहीन दलित,भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासी सेवा केन्द्र प्रमुखको रुपमा यस नगरपालिकामा कार्यरत अधिकृत छैटौं श्री दामोदर भण्डारी  लाई तोक्ने ।

१३.वडा नं. २ मा रहेको चण्डेश्वरी मन्दिर परिषरको विस्तृत  निर्माणको लागि विस्तृत परियोजना प्रस्ताव तयार गर्नका लागि नगरविकास कोषलाई अनुरोध गर्ने ।

१४.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि,२०७७ ( संशोधन सहित) अनुसार आ.ब.२०७८/७९ को अन्त्य सम्मका तथ्याङ्कको आधारमा विषय क्षेत्रगत रुपमा संस्थागत क्षमता स्वमूल्याङ्कन गरी lisa.gov.np प्रणालीमा प्रमाणिकरणका आधारहरु प्रविष्ट गर्दा सो प्रणालीबाट प्राप्त ७१.५ प्रतिशत नतिजा माथि छलफल गरी सो प्राप्ताङ्कलाई अनुमोदन गर्ने ।

१५. नगरपालिकावाट चालु आ.ब.२०७९/८० को लागि स्वीकृत भएको **मेयर दीर्घायु कार्यक्रम संचालन कार्यविधि, २०७८** मा संशोधन गरी  **मेयरसंग ज्येष्ठ नागरिक दीर्घायु स्वास्थ्य परीक्षण** कार्यक्रम नामकारण गर्ने ।

१६.नेपाल फुटभली संघको आयोजनामा दोश्रो गजराज स्मृति फुटभली प्रतियोगिता तथा २५ औं विश्व फुटभली च्याम्पियनसिपमा सहभागि छनौट कार्यक्रमको लागि एघारौं नगरसभाको सि.नं. २२५ मा विनियोजित खेलकूद विकास कोषवाट नेपाल फुटभली संघलाई रु १ लाख ७५ हजार उपलव्ध गराउने।

१७. श्री स्वास्थानी व्रतकथामा आधारित शास्त्रिय कथम नृत्य प्रदर्शन कार्यक्रम संचालनको लागि एघारौं नगरसभाको सि.नं. २२८ मा संस्कृति संरक्षण तथा प्रबर्द्धन कोषमा विनियोजित रकम मध्येवाट रु ३ लाख उपलव्ध गराउने।

१८. मानसिंह धर्म माद्यामिक विद्यालयमा कक्षा १० मा अध्ययनरत विद्यार्थी प्रतिमा कार्कीलाई रु. २० हजार छात्रवृत्तिकोषवाट छात्रवृत्ति रकम उपलव्ध गराउने।

१९.टोखा नगरपालिकाको घ वर्गको निर्माण व्यावसायी ईजाजतपत्र सम्वन्धी कार्यविधि, २०७५ मा तपशिल वमोजिम संशोधन गर्ने।

क. नगरपालिकाको ५७ औं नगरकार्यपालिका वैठकको निर्णयानुसार दफा २ को उपदफा ४ पछाडि थप गरिए वाक्यांश हटाउने।

ख. कार्यविधिको अनुसूची ५ को वुदाँ ३ को च मा कम्पनी फर्मको नाममा रहेको जग्गा/ घर आफ्नै नाममा भए **सम्पति कर तथा वहालमा भए वहालकर तिरेको कागजात समावेश गर्न थप गर्ने**

ग. कार्यविधिको अनुसूची ५ को द्रटव्य खण्डमा ३ क र ख मा उल्लेख भएको उपकरण सम्वन्धमा भाडा वा जिलमा लिएको भए सो को प्रमाण पेश गर्नु पर्ने भन्नेमा थप **कम्तिमा २ वर्ष भाडामा लिएको कागजात समावेश गर्नु** पर्ने।

२०.सगरमाथा म्युजिकल अवार्ड, २०७९ कार्यक्रम मिति २०७९ पौष १४ मा सम्पन्न भएकोले संस्कृति संरक्षण कोषवाट रु. २ लाख Artha Nepal Pvt. Ltd. लाई भुक्तानी उपलव्ध गराउने।

२१. नगरपालिकाको न्यायीक समितिलाई सहजता प्रदान गर्न कानुनी सल्लाहकार नियुक्त गर्ने।

२२.दीर्घरोग विरुद्धको अभियानमा मेयर कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ स्वीकृत गर्ने।

२३.मेघा मल्टिमिडिया प्रा.लिलाई गत आ.ब.को नगरपालिकाको बार्षिक कार्यक्रम निर्माण गरी प्रशारण गरेको रकम भुक्तानी गर्ने।

२४.नेपाल मिडिया एण्ड स्टुडियो प्रा.लिले गत आ.बमा वडा नं. २ को बार्षिक कार्यक्रम निर्माण गरी प्रशारण गरेको रकम भुक्तानी गर्ने।

२५. द टोखाली व्वाईज नामक संस्थालाई टोखा प्रथम मेयर कप ब्याडमिन्टन प्रतियोगिता-२०७९ का लागि खेलकूद शिर्षकवाट रु ७ लाख उपलव्ध गराउने।

२६.नगरपालिकामा विगतदेखि सञ्चालनमा रहेका निम्नानुसारका पुस्तकालयहरुलाई संघीय सरकारको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित सामुदायिक साईक केन्द्रले प्राप्त गर्ने अनुदान सरह नगरभाबाट तोकिए बमोजिमको शिर्षकवाट रकम उपलव्ध गराउने गरी स्वीकृति दिने

क. न्हुज पुस्तकालय – टोखा-२

ख. धापासी पुस्तकालय – टोखा- ४

ग. जालुपा पुस्तकालय- टोखा- ८

२७.सवै सामुदायिक विद्यालयहरुमा ई-लर्निङ सेवा लागू गर्ने।

२८.छात्रावृत्ति कोष सञ्चालक समितिमा नियम ४ को ख अनुसार जनजाति तर्फका नगर सभा सदस्य श्री जगतमायाँ महर्जन र समाजसेवी वा शिक्षाविद् मध्ये श्री रामवावु सुवेदी लाई मनोनयन गर्ने।

२९.कक्षा १२ सम्म सञ्चालन भएका सबै सामुदायिक विद्यालयहरुलाई १/१ जना सुरक्षा गार्ड राख्ने।

३०.नगरपालिकासँग लिङ्क हुने गरी नगरको बजेटबाट सबै सामुदायिक विद्यालयमा ई-हाजिरीको व्यवस्था गर्ने।

३१.सबै सामुदायिक विद्यालयमा नियमानुसार प्र.अ. नियुक्तिको लागि नगर शिक्षा समितिलाई निर्देशन गर्ने।

३२.टोखा नगरपालिका कार्यालयको बा २ झ ३७६६ नम्वरको टाटासुमो मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु .७५१६५/०५ भुक्तानी उपलव्ध गराउने।

३३. टोखा नगरपालिका कार्यालयको बा १ झ २७०३ नम्वरको ट्रिपर मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु ११६५३६/७३ भुक्तानी उपलव्ध गराउने।

३४.टोखा नगरपालिका कार्यालयको बा २ झ १६५१ नम्वरको स्कार्पियो गाडी मर्मत गराईएकोमा उक्त मर्मतको विल अनुसारको रकम रु . १३३६९६.६९ भुक्तानी उपलव्ध गराउने।

३५. वडा नं. ३ को धनेश्वर नयाँ टोल विकास संस्थाको कार्य क्षेत्र मन्दिरवाट भुमेश्वर पार्क जाने चोक सम्मको एरियामा खानेपानी पाईपलाईन विस्तार कार्यको लागि एघारौं नगरसभाको सि.नं. २५० मा विनियोजित रकम मध्येवाट रु १२ लाख ५० हजार विनियोजन गर्ने।

३६.नगरपालिका क्षेत्रमा रहेका सडकवत्ती मर्मत, सडक ट्राफिक व्यवस्थापन, स्वंयमसेवक लागायतका कार्य गर्ने कार्यको लागि तपशिल वमोजिमका व्यक्तिहरुलाई दैनिक ज्यालादारीमा काममा लगाउने।

श्री नारायण विडारी- सडकवत्ती मर्मत कर्ता

श्री राममणी अधिकारी- सडकवत्ती मर्मत सहयोगी

श्री नारायण वोगटी- सडकवत्ती मर्मत सहयोगी

श्री रमेश विडारी – सडक ट्राफिक व्यवस्थापन तथा स्वंयम सेवक

श्री बैकुण्ठ अधिकारी- सडक ट्राफिक व्यवस्थापन तथा स्वंयम सेवक

# टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं।

आ.व २०७९/८० को नगरसभाको एघारौं अधिवेशन बैठकबाट स्वीकृत योजना तथा कार्यक्रमहरु मध्ये तपशिल बमोजिमका कार्यक्रमहरुमा स्वीकृतको लागि नगरसभाको बाह्रौं अधिवेशनमा पेश गर्ने

रकम रु. हजारमा

| क्र.स | नगर सभाको सि.नं. | क्षेत्र | उप-क्षेत्र | कार्यक्रमको नाम | साविकमा विनियोजित रकम | हाल सम्मको खर्च | अब कायम हुने रकम | २०७९ पौषमा बाँडफाँडको लागि प्राप्त हुने रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | १७४ | सामाजिक विकास | लै.स.सा.स | लक्षित वर्गका विभिन्न कार्यक्रम संचालन ( सीप मूलक, आयमूलक) | ३०००० | ३००० | २०००० | ७००० |
| २ | २०० | संस्थागत विकास तथा सेवा प्रवाह | सूचना प्रविधि | घर नम्बर वितरण | २०००० | | २००० | १८००० |
| ३ | २०१ | संस्थागत विकास तथा सेवा प्रवाह | पुजीगत अनुसन्धान तथा परामर्श | नक्सा डिजिटलाईजेशन, अनलाईन प्रकृया एवं फाईलिङ्ग व्यवस्थापन | ५००० | | २००० | ३००० |
| ४ | २०५ | पूर्वाधार विकास | मेसिनरी औजार | पूर्वाधार तथा भवन निर्माण सम्बन्धी विभिन्न यन्त्र उपकरण खरिद | ३००० | | २००० | १००० |
| ५ | २०७ | सामाजिक विकास | संस्थागत क्षमता विकास | नगर स्थापना दिवस मनाउने ( विभिन्न कार्यक्रम संचालन) | १००० | | ० | १००० |
| ६ | २०९ | संस्थागत विकास तथा सेवा प्रवाह | विविध /भैपरी | मर्मत सम्भार शाखा ( पूर्वाधारसंग सम्बन्धित मर्मत/ कर्मचारी व्यवस्थापन आदि) | ५००० | | २५०० | २५०० |
| ७ | २२१ | वातावरण तथा विपद् व्यवस्थापन | विपद् व्यवस्थापन | विपद् उद्धारका न्यूनिकरण सामाग्रीहरु खरिद तथा भण्डारण | ३००० | | २००० | १००० |
| ८ | २२५ | सामाजिक विकास | कोष | खेलकूद विकास कोष | ११५०० | | ८५०० | ३००० |
| ९ | २२८ | सामाजिक विकास | | संस्कृति संरक्षण तथा प्रवर्धन कोष | ८००० | | ९००० | -१००० |
| १० | २३३ | पुर्वाधार विकास | उर्जा/ सुरक्षा | मेयर उज्यालो सडक बत्ती तथा जनता सुरक्षा सिसिटिभी जडान कार्यक्रम | १७१२० | | १०००० | ७१२० |
| ११ | २३८ | पुर्वाधार विकास | सडक | नगरका मुख्य मुख्य सडकहरु ओभरले | १०४७५ | | ० | १०४७५ |
| १२ | २४१ | पूर्वाधार विकास | वातावरणीय पूर्वाधार | पार्क पूर्वाधार निर्माण एवं पानी पुनभरण पोखरी निर्माण | २०००० | | ६५०० | १३५०० |
| १३ | २४६ | पूर्वाधार विकास | पुल | विष्णुमति/ साङ्गले खोला पुल निर्माण | ७५०० | | २००० | ५५०० |
| १४ | २४७ | पुर्वाधार विकास | विविध | नगर पुर्वाधार विकास विशेष कार्यक्रम | ३०००० | | ५६४८३ | -२६४८३ |
| १५ | २५० | पुर्वाधार विकास | खानेपानी | खानेपानी संरचना निर्माण तथा पाईपलाईन विस्तार मर्मत | ३५००० | | १०००० | २५००० |
| १६ | २५१ | पुर्वाधार विकास | सरसफाई संरचना निर्माण | सार्वजनिक शौचालय निर्माण तथा घुम्ति शौचालय संचालय सरसफाई | ५००० | | १५०० | ३५०० |
| १७ | ८८१ | पूर्वाधार विकास | पुल | वानियाँटार पुल निर्माण ( ८ र ११ जोड्ने) | २०००० | | ८००० | १२००० |
| १८ | १०७० | पूर्वाधार विकास | भवन | मनोहरतिर्थ पाटी एवं क्रियापुत्री भवन निर्माण ( बहुवर्षिय) | २०००० | | ० | २०००० |
| १९ | १०९१ | पूर्वाधार विकास | संघ र प्रदेश सरकार साझेदारी श्रोत | संघ/ प्रदेशको समपुरक कार्यक्रम | ४९६४२ | | ४५८२१ | ३८२१ |
| २० | १०९३ | पूर्वाधार विकास | स्थानीय उपभोक्ता लागत सहभागिता कार्यक्रम | नगरस्तरीय ६०-४०( समपुरक) | २६००० | | २०००० | ६००० |
| | | | | जम्मा | ३२७२३७ | ३००० | २०८३०४ | ११५९३३ |